नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

फोन नं. ०१-६६३८१५१/०१-६६३७८७३
फ्याक्स ०१-६६३७८७२

पत्र संख्या :
चलानी नं.:

(........................................ शाखा)

नेपाल सरकार शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुर २०५६

## निम्नमाध्यमिक तह, तृतीय श्रेणी, शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षा-२०८२ को प्रवेशपत्र प्रिन्ट गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०८२/०२/०६ गते)

यस आयोगबाट मिति २०८१/१२/१४ गते प्रकाशित निम्नमाध्यमिक तह, तृतीय श्रेणी, शिक्षक पदको खुला प्रतियोगितात्मक सामान्य परीक्षाको विज्ञापनबमोजिम दरखास्त फाराम भर्ने उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त पोर्टल **https://online.tsc.gov.np/** बाट दरखास्त फाराम रजिस्टर्ड गरिएको **Email Address** र **Password** बाट **Login** गरी "दरखास्त पेस गरेको विवरण" मा **Click** गरी पुनः **"View"** मा **Click** गरेर "प्रवेशपत्र हेर्न यहाँ क्लिक गर्नुहोस" बाट डाउनलोड गरी प्रिन्ट गर्न सकिने बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रवेशपत्रको प्रतिलिपि यस आयोगबाट दिने ब्यवस्था नभएकोले प्रवेशपत्र सुरक्षित साथ राख्न र परीक्षामा सहभागी हुन आउँदा अनिवार्य रूपमा प्रवेशपत्र साथमा लिई तथा सरकारी निकायबाट जारी भएको फोटो सहितको कागजातको सक्कल कपिसमेत ल्याउन यसै सूचनाद्वारा सूचित गरिन्छ । यदि आफ्नो **Email address** र **Password** बिर्सिएको अवस्थामा शिक्षक सेवा आयोगको दरखास्त पोर्टलमा दिइएको निर्देशनअनुसार तथा तपसिलमा उल्लिखित बमोजिम गर्नु हुन जानकारी गराइन्छ ।

### तपसिल

#### लगइन गर्ने इमेल बिर्सिएमा

लगइन गर्ने इमेल बिर्सिएमा आफ्नो रजिस्टर्ड गरेको मोबाइलबाट **TSC <SPACE> INFO** टाइप गरि **34001** मा **SMS** पठाइ प्राप्त गर्नुहोस् ।

#### लगइन गर्ने पासवर्ड बिर्सिएमा

अनलाइन पोर्टलमा गएर Forgot password? Click here to reset मा क्लिक गरी अनलाइन पोर्टलमा रजिस्टर्ड गरेको मोबाइल नम्बर राखी सबमिट गर्नुहोस् मा क्लिक गरी आफ्नो मोबाइलमा प्राप्त OTP सम्बन्धित ठाउँमा राखी नयाँ पासवर्ड राखि रिसेट गर्न सक्नुहुनेछ । (यो व्यवस्था नि:शुल्क हुनेछ तर दैनिक एकपल्ट मात्र यो सुविधा लिन पाइने छ ।)

वा,

लगइन गर्ने पासवर्ड बिर्सिएमा आफ्नो रजिस्टर्ड गरेको मोबाइलबाट **TSC <SPACE> PWD** टाइप गरी **34001** मा **SMS** पठाइ प्राप्त गरेको OTP लाई online.tsc.gov.np मा गई Forgot password? Click here to reset मा गई रजिष्टर्ड गरेको मोबाइल नम्बर राखी सवमिट गरी प्राप्त OTP राखि नयाँ पासवर्ड राखि रिसेट गर्न सकिनेछ । (यो सुविधा लिए वापत निर्धारित शुल्क लाग्नेछ ।)

थप जानकारीका लागि आयोगको प्राविधिक सेवाको ९८५११०३२९९ र सूचना अधिकारीको ९८५१३५४२७४ मोबाइल नम्बरमा सम्पर्कसमेत गर्न सकिने बेहोरा अनुरोध छ ।

२०८२/०२/०६
..........................
(खगेन्द्रराज जोशी)
शाखा अधिकृत

E-mail:tscapplication1@gmail.com, Website: www.tsc.gov.np